# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।


पत्र संख्याः २०८२/०८३
चलानी नं.: ६८

मितिः-२०८३/०१/०८

## जनहितमा जारी सूचना ।

सुख्खा मौसममा आगलागी सम्बन्धी विभिन्न घटनाहरु भइरहेका र हुन सक्ने सम्भावनालाई मध्यनजर गरी देहायका पूर्व सतर्कता र सावधानी अपनाउनुहुन अनुरोध गरिन्छ ।

- खाना पकाइसकेपछि आगो, ग्याँस चुल्हो र अन्य अग्नि जन्य उपकरणहरु निभाऔं ।
- चुरोट, बिडी, तमाखु, चिलिम आदि धुम्रपान जन्य बस्तुहरु स्वास्थ्यका लागि हानिकारक हुनुका साथै आगालागीको मुख्य कारण पनि हुने हुदाँ यस्ता बस्तु तथा पदार्थहरुको प्रयोग सकभर नगरौ र जथाभावी प्रयोग गरेर ठुटा जथनभावी फाल्ने कार्य नगरौ ।
- विभिन्न धार्मिक संस्कार, चालचलन र संस्कारमा प्रयोग हुने अग्निजन्य वस्तुहरु प्रयोग भइसकेपछि सुरक्षित तवरले निभाउने गरौ ।
- बिजुलीका तार, स्वीच, प्लग र वायरिङ ठीक अवस्थामा छन वा छैनन् नियमित जाँच गरौ । कुनै बिग्रिएको खण्डमा यथासक्य मर्मत तथा सम्भार गरौ र बिजुलीको लाइनमा कुनै खराबी भएमा नेपाल विद्युत प्राधिकरण सम्बन्धित शाखामा वा भैरहवा वितरण केन्द्रमा तुरुन्त खबर गरौ ।
- सलाई, लाइटर वा अन्य प्रज्जवनशील पदार्थहरुः- मट्टितेल, डिजेल र पेट्रोल आदिको प्रयोग सावधानीपूर्वक गरौ र बालबालिका र ज्येष्ठ नागरिकको पहुँच भन्दा टाढा राख्ने गरौ ।
- गोठ, बारीमा वा अन्य ठाउँमा आगोको प्रयोग गर्दा सावधानीपूर्वक गरौ। काम सकि सकेपछि पानीले राम्री आगो निभाउने कार्य गरौ
- खेतबारी र बनजंगलमा अनावश्यक रुपमा आगो लगाउने कार्य नगरौ र आफ्नो वरपर कसैलाई पनि त्यस्तो कार्य गर्न नदिऔ ।
- सावधानी अपनाउदा अपनाउदै पनि मानवीय कारण बाहेक अन्य कुनै कारणले आगलागी भएमा देहायका कार्यहरु गरौः-
  - आगलागी थाहा पाउने बित्तिकै तत्काल घर छिमेक र समाजको सहयोग माग्ने ।
  - तत्काल वडा कार्यालय वा गाउँपालिकाकमा खबर पुर्याउने ।
  - नजिकको प्रहरीलाई खबर गर्ने ।

.......................

लेखनाथ पोखरेल

प्रमुख प्रशासकीय अधिकृत